सियारी गाउँपालिका

Siyar Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय,

Office Of Municipal Executive

हर्नैया, रुपन्देही ।

Harnaiya Rupandehi.

लुम्बिनी, प्रदेश नेपाल

Lumbini Province Nepal

## फिल्ड सहायक (रा. प. अनं. **द्वितिया** श्रेणी सरहको ) पद करारमा पदपूर्तिका लागि दरखास्त आवहानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।४।२५

यस सियारी गाउँपालिकामा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मार्फत सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत स्थापन भएको सेवा इकाईमा रिक्त रहेको फिल्ड सहायक पदमा खुल्ला प्रतिस्पर्धाद्धारा करारमा नियुक्त गर्नुपर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र दर्ताका लागि (२०७८।५।७ गते अपरान्ह ५:०० बजेसम्म ) दरखास्त आव्हन गरिएको छ ।

१. पदः फिल्ड सहायक (राजपत्र अनङ्कित **द्वितिया** श्रेणी वा सो सरह)

क. आवश्यक पद संख्याः १ जना

ख. आवश्यक न्यूनतम योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गरेको

२. माथि उल्लेखित पदका लागिः

क. तलबः नेपाल सरकारको नियमानुसार

ख. दरखास्त दिने अन्तिम मिति सम्म अठार बर्ष पुरा भई ३५ बर्ष पुरुषको हकमा, ४० बर्ष महिलाको हकमा ननाघेको।

ग. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहारिने गरी कुनै कारवाहीमा नपरेको ।

घ. मान्यता प्राप्त सरकारी संस्थाबाट एस.एल.सी वा सो सरह उत्तीर्ण गर्ने एवं ग्रेडिङ्ग प्रणाली लागु भए पश्चात प्रवेशिका परीक्षा (एस.एल.सी) वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सो भन्दा माथि ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाई सम्बन्धित शैक्षिक योग्यता हासिल गरेको मानिनेछ ।

३. दरखास्त फारामः सियारी गाउँपलिकाकोको Web साइट तथा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

४. दरखास्ता शुल्कः रु ५००।०० अक्षरुपी पाच सय मात्र ।

५. करार अवधि आ.ब. २०७८।०७९ को असार मासन्त सम्म ।

६. पेश गर्नु पर्ने कागजातहरुः

क. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

ख. न्यूनतम शौक्षिक योग्यताको लब्धांकपत्रको प्रतिलिपी तथा न्यूनतम शौक्षिक योग्यता भन्दा एक तह माथिल्लो योग्यता भएमा सोको लब्धांकपत्रको प्रतिलिपी,

ग.कार्यानुभव भएमा सोको प्रमाणपत्र,

२०७८।४।२५

मिन प्रसाद भट्टराइ

प्रमुख प्रशासकीय अधिकृत